आज मिति २०७७।३।२ गतेका दिन बिहान ८.०० बजे परशुराम नगरपालिका नगरकार्यपालिकाको चौथो बैठक नगर प्रमुख श्री भरत बहादुर जोशीज्यूको अध्यक्षतामा तपसिलका उपस्थितिमा बसि देहायको निर्णय गरियो।

उपस्थिति

नगर प्रमुख श्री भरत बहादुर जोशी
नगर उपप्रमुख श्री बिमला कुमारी बोहरा महता
१ नं. वडा अध्यक्ष श्री लाल ब. धामी
२ श्री रमेश ब. बोहरा
३ श्री नरेस ब. खवास
४ श्री विश्रामसिंह बोहरा
५ श्री दिल ब. शाही
६ श्री खगेन्द्र ब. सिंह
७ श्री कर्ण ब. धामी
८ श्री दिनेस प्र. जोशी
९ श्री देव ब. बोहरा
१० श्री रामकुमार भाट
११ श्री प्रकास ऐर
१२ श्री महाविर कामी

नगरकार्यपालिका सदस्य श्री कु. मीना जोरा भण्डारी
" " श्री दुरा खाती
" " श्री बिमला खाती
" " श्री लिलावती कु. बोहरा
" " श्री हेमन्ती दमाई
" " श्री गोरे लुहार
" " श्री मध ब. औखेडा
" " श्री छविराम कामी

प्रमुख प्रशासकीय अधिकृत श्री तारानाथ पनेरु
शाखा अधिकृत श्री कृष्णदेव जोशी
लेखा अधिकृत श्री धन ब. साउद
कानून अधिकृत श्री गोविन्दराज जोशी
सूचना प्रविधि अधिकृत श्री दिपेन्द्र जोशी

मिति २०७९/०२/०२ गतेको परशुराम नगरपालिका नगरकार्यपालिका वैठकका निर्णयहरु:

निर्णय नं. ०१

मिति २०७९/०१/३० गतेका दिन सम्पन्न स्थानीय तहको निर्वाचनलाई सफलताका साथ सम्पन्न गर्न सहयोग गर्नुहुने निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालयमा कार्यरत कर्मचारीहरु, मतदान अधिकृत लगायत सम्पूर्ण निर्वाचन समिति र यस परशुराम नगरपालिकाका नगरवासी दाजुभाइ, दिदीबहिनी, राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, समाजसेवी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, शिक्षक, उद्योगी, ब्यापारी, नागरिक समाज, सञ्चारकर्मी, मतदाता लगायत सम्पूर्णमा हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

साथै यस परशुराम नगरपालिकामा प्रथम स्थानीय तहको निर्वाचन २०७४ बाट निर्वाचित भइ मिति २०७९/०२/०५ गतेका दिन सम्म पद बहाल रहनु भएका निवर्तमान नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, नगरकार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरुले नगरपालिकाको भौतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायत नगरको सर्वाङ्गिण विकासका लागि पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं. ०२

यस परशुराम नगरपालिकाको समग्र भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लागि नव निर्वाचित जनप्रतिनिधिहरु निर्वाचित भएपश्चात विगतका सिकाइ अनुभवहरुलाई मध्यनजर गर्दै आगामी दिनमा नगर प्रमुख, नगर उपप्रमुख, वडा अध्यक्षहरु, सम्पूर्ण नगरकार्यपालिकाका सदस्यहरु वीच प्रचलित नियमानुसार सूचना सञ्चार समन्वय, सहकार्य, समझदारीका आधारमा अगाडी बढ्ने निर्णय गरियो ।

निर्णय नं. ०३

यस परशुराम नगरपालिकाका १२ वटै वडाहरुका गर्भवती महिलाहरुका लागि कार्यविधी बनाइ नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ०४

यस परशुराम नगरपालिकाका १२ वटै वडाहरुमा रहेका अनाथ वालवालिकाहरुको शिक्षाको पहुँचमा अभिबृद्धि गर्नका लागि अनाथ बालवालिका छात्रबृत्ति कोष सञ्चालन कार्यविधी बनाइ अनाथ वालवालिका छात्रबृत्ती कोषको स्थापना गर्ने निर्णय गरियो । ~~साथै अनाथ~~

निर्णय नं. ०५

यस परशुराम नगरपालिकाका १२ वटै वडाहरुका अति विपन्न, गरिव परिवार र पढाइमा उत्कृष्ट छोरी बुहारीहरुलाई उच्च शिक्षा (स्नातक तह देखि माथी) को अध्ययनका लागि प्रोत्साहन गराउन छोरी बुहारी छात्रबृत्ती कोष सञ्चालन कार्यविधी बनाइ ~~गरी~~ छात्रबृत्ती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ०६

यस परशुराम नगरपालिकाको चालु आ. व. २०७८/०७९ को जेष्ठ ३० गते सम्मको तपसिल बमोजिमको आयव्यय विवरण सम्पूर्ण नगरकार्यपालिका सदस्यहरुलाई जानकारी गरि शिर्षकगत तथा क्षेत्रगत छलफल तथा समिक्षा गर्दै आय व्यय विवरण अनुमोदन गरियो । साथै आगामी आ. व. २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमा गर्नको लागि नगरपालिकाको अनिवार्य दायित्व तथा प्रशासनीक खर्च सहितको अनुमानित बजेट खाका तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ०७

यस परशुराम नगरपालिकाको एघारौं नगरसभा मिति २०७९/०३/१० गतेका दिन दिउँसो १:३० बजे देखी प्रारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं. ०८

आगामी आ. व. २०७९/०८० मा यस परशुराम नगरपालिका वडा नं. ०७ स्थित सिद्धनाथ मा. वि. मलासमा ४ कोठे भवन निर्माणका लागि पहिलो प्राथमिकता राख्ने र उक्त योजनाका लागि संघ सरकार, प्रदेश सरकारमा पहल गर्ने निर्णय गरियो । साथै परशुराम नगरपालिका वडा नं. ०४ को कालिका प्राथमिकता विद्यालय लटेरोडमा मिति २०७९/०३/०२ गतेको हावाहुरीका कारण विद्यालय भवनमा रुख ढली क्षती भएको भवन तत्काल नगरपालिकाबाट मर्मत गर्ने र थप दुइ कोठे भवन निर्माणका लागि आगामी आ. व. मा वजेट व्यवस्थापन गर्ने प्राथमिकता राख्ने निर्णय गरियो ।